*नेपाल सरकार विरुद्ध फूलमती न्याय*

**मुद्दाको सम्बन्धमा मानव अधिकार समितिले गरेको निर्णयको विशेष सन्दर्भसहित**

**नेपालमा द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितहरूको अधिकारको प्रत्याभूति सम्बन्धमा**

**माघ २०७७**

**ह्युमन राइट्स एन्ड जस्टिस सेन्टरद्वारा**

**राष्ट्रिय मानव अधिकार आयोग**

**राष्ट्रिय महिला आयोग**

**आदिवासी जनजाति आयोगसमक्ष**

**पेश गरिएको**

ट्रायल इन्टरनेशनलको सहयोगमा

## विषय तालिका

प्रतिवेदन पेस गर्ने संस्था ........ ३

क. परिचय ........ ४

क.१. नेपालको द्वन्द्वबारे छोटो पृष्ठभूमि ........ ५

क.२. नेपालका महिलामा द्वन्द्वको असर : बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपसमेत यातनाको योजनाबद्ध प्रयोग ........ ५

ख. फूलमती न्यायको घटना अध्ययन ........ ६

ख.१. फूलमती न्यायको मुद्दाको प्रतिनिधित्वमूलक प्रकृति ........ ७

ख.२. घटनाबारेका तथ्यहरूको सारांश ........ ८

ख.३. फूलमती न्याय वि. नेपालको मुद्दामा मानव अधिकार समितिको निर्णय ........ १०

ग. द्वन्द्वसम्बन्धी यौन हिंसाको सम्बोधनका लागि राष्ट्रिय कानुन तथा संयन्त्रहरू ........ १४

ग.१. आन्तरिक कानुनी संरचनाका कमजोरी ........ १४

ग.२. प्रक्रियागत अवरोध ........ १७

घ. सङ्क्रमणकालीन न्याय संयन्त्र तथा द्वन्द्वसम्बन्धी यौन हिंसा ........ १८

ङ. द्वन्द्वसम्बन्धी यौन हिंसाका घटनाका सम्बन्धमा संवैधानिक निकायहरूको भूमिका ........ २३

ङ.१. राष्ट्रिय मानव अधिकार आयोग ........ २३

ङ.२. राष्ट्रिय महिला आयोग ........ २५

ङ.३. आदिवासी जनजाति आयोग ........ २६

च. निष्कर्ष तथा सिफारिस ........ २६

च.१. राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र आदिवासी जनजाति आयोगका लागि सिफारिसहरू ........ २७

च.१.१. राष्ट्रिय मानव अधिकार आयोगका लागि सिफारिसहरू ........ २८

च.१.२. राष्ट्रिय महिला आयोगका लागि सिफारिसहरू ........ २९

च.१.३. आदिवासी जनजाति आयोगका लागि सिफारिसहरू ........ ३०

**प्रतिवेदन पेस गर्ने संस्था**

ह्युमन राइट्स एन्ड जस्टिस सेन्टर (एचआरजेसी)ले नरसंहार, यातना, जबर्जस्ती बेपत्ता बनाउने काम, गैरन्यायिक हत्या र यौन हिंसाजस्ता नेपालमा हुने मानव अधिकार उल्लङ्घनका घटनाका पीडितहरूको न्यायसम्मको पहुँचलाई सुदृढ बनाउँछ ।

पीडितको पृष्ठभूमि, धार्मिक वा राजनीतिक आबद्धता जे भए पनि एचआरजेसीले उनीहरूलाई निःशुल्क कानुनी सहायता उपलब्ध गराउँछ । विश्वसनीय नेपाली मानव अधिकार कानुन व्यवसायीको सञ्जालमार्फत् यसले दण्डहीनता अन्त्य गर्न र विधिको शासन लागू गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा मुद्दा दायर गर्छ ।

ट्रायल इन्टरनेशनलको सहयोगमा यस प्रतिवेदन पेश गरिएको हो ।

ट्रायल इन्टरनेशनल, अन्तर्राष्ट्रिय अपराधमा हुने दण्डहीनताविरुद्ध लड्दै त्यसका पीडितहरूको न्यायको खोजीमा सहयोग गर्ने गैरसरकारी संस्था हो ।

अवर्णनीय दुःख भोग्नुपरेका पीडितहरूको न्यायको मार्ग सुनिश्चित गर्नका लागि ट्रायल इन्टरनेशनलले कानुनी प्रक्रियामा नवीनतम पद्धति अवलम्बन गरेको छ । यस संस्थाले कानुनी सहायता प्रदान गर्दछ, मुद्दा दायर गर्दछ, स्थानीय क्षमता अभिवृद्धि गर्दछ र मानव अधिकारका मुद्दाहरूलाई अगाडि बढाउँछ ।

सन् २०२०को जुलाईदेखि डिसेम्बरसम्म ‘कानुन व्यवसायीहरूका लागि अन्तर्राष्ट्रिय मानव अधिकार अभियोजन’ विषयमा भएको प्रशिक्षण कार्यक्रमका सन्दर्भमा जेसेलिना राणाको सहयोगमा यो प्रतिवेदन तयार भएको हो ।

## क. परिचय

१. नेपालमा द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितहरूले भोगेका व्यवधानबारेका विभिन्न सवालहरूमा ह्युमन राइट्स एन्ड जस्टिस सेन्टर (एचआरजेसी), विशेषतः राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र आदिवासी जनजाति आयोगलगायत राष्ट्रिय निकायहरूको ध्याकर्षण गर्न चाहन्छ ।

२. अन्तर्राष्ट्रिय कानुनअनुसार (अन्तर्राष्ट्रिय वा गैरअन्तर्राष्ट्रिय) द्वन्द्वका क्रममा भएको यौन हिंसालाई निश्चित अवस्थामा नरसंहार, मानवताविरुद्धको अपराध वा युद्ध अपराध मान्न सकिन्छ । यद्यपि, विद्यमान नेपाली कानुनले द्वन्द्वसम्बन्धी यौन हिंसालाई यस्तो अपराधको रूपमा नलिई ठूलो कानुनी छिद्र बनाइदिएको छ, जसका कारण दण्डहीनताले प्रश्रय पाएको छ । अझ चिन्ताको विषय त के छ भने नेपाल सरकारले द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितलाई (वि.सं. २०५२ देखि २०६३ सम्मको) आन्तरिक द्वन्द्वका पीडित भनेर मानेकै छैन । नेपालविरुद्धको एक प्रमाणसहितको व्यक्तिगत उजुरी (फूलमती न्याय वि. नेपाल)[१]का सम्बन्धमा मानव अधिकार समितिले दिएको निर्णयलाई सन्दर्भका रूपमा ग्रहण गर्दै यस प्रतिवेदनले द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितहरूले न्यायको पहुँचमा भोगेका व्यवधानबारे प्रकाश पार्दछ । त्यसबाहेक, यस प्रतिवेदनले राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग तथा आदिवासी जनजाति आयोगप्रति लक्षित गरी द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितका अधिकारबारे विभिन्न सिफारिसहरू प्रस्तुत गर्दछ ।

३. खण्ड 'क'ले आन्तरिक द्वन्द्वले नेपाली महिलामा पारेको प्रभावलाई सङ्क्षेपमा प्रस्तुत गर्दछ भने खण्ड 'ख'ले मानव अधिकार समितिले सन् २०१९मा निर्णय गरेको फूलमती न्याय[२]बारेकै घटना अध्ययनलाई विशिष्ट रूपमा सम्बोधन गर्दछ । प्रतिवेदनको यस खण्डले घटनाबारेका तथ्य र समितिको निर्णय प्रस्तुत गर्दछ । खण्ड 'ग' द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितको सम्बोधनका लागि विद्यमान राष्ट्रिय कानुन र संयन्त्र, त्यहाँका छिद्र/कमीकमजोरी र त्यसको नतिजास्वरूप विद्यमान प्रक्रियागत व्यवधानहरूको विश्लेषणमा केन्द्रित छ । खण्ड 'घ'ले द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितका सम्बन्धमा सङ्क्रमणकालीन

---

[१] मानव अधिकार समिति (एचआरसी) भनेको संयुक्त राष्ट्रसङ्घको एक सन्धि निकाय (ट्रिटी बडी) हो । यसलाई वि.सं. २०४८ वैशाख ३१ देखि नेपालसमेत पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी छ । यस प्रतिवेदन पेस गर्दा फूलमती न्याय वि. नेपालबारेको निर्णय पनि समावेश गरिएको छ ।

[२] 'फूलमती न्याय' सुरक्षा तथा गोपनीयताका लागि प्रयोग गरिएको छद्मनाम हो । यदि यस प्रतिवेदन बुझाइएको संस्थालाई सम्बन्धित व्यक्तिको वास्तविक पहिचान जान्न इच्छा छ भने, आवश्यक सुनिश्चितता भएको खण्डमा एचआरजेसीले त्यसको सहजीकरण गर्नेछ ।

न्यायसम्बन्धी संयन्त्रको त्रुटिपूर्ण कार्यादेशबारे स्पष्ट पार्दछ । खण्ड 'ङ'ले राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र आदिवासी जनजाति आयोगका यससम्बन्धी कार्यादेशको चर्चा गर्दै आम रूपमा द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडित महिलाहरूको स्थितिमा सुधारका लागि र विशेषतः फूलमती न्यायबारे मानव अधिकार समितिको निर्णय कार्यान्वयन सुनिश्चितताका लागि तिनले के गर्न सक्छन् र के गर्नुपर्दछ भन्ने पहिचान गर्दछ । यसै गरी, खण्ड 'च'मा यी हरेक राष्ट्रिय निकायका लागि सिफारिसहरू प्रस्तुत गरिएका छन् ।

### क.१. नेपालको द्वन्द्वबारे छोटो पृष्ठभूमि

४. संवत् २०५२देखि २०६३सम्म (सन् १९९६देखि २००६सम्म)को एक दशकभरि चलेको तत्कालीन माओवादी पार्टी र नेपाल सरकारबीचको सशस्त्र द्वन्द्वले देश तथा जनतामा दीर्घकालसम्मका लागि नकारात्मक परिणाम छोडेको छ । संवत् २०६३ (सन् २००६)मा विस्तृत शान्ति सम्झौता हुनुभन्दा अगाडिसम्म सरकारी सुरक्षा निकाय तथा माओवादी दुवै पक्ष गैरन्यायिक हत्या, यातना, जबर्जस्ती बेपत्ता बनाउने काम तथा यौन हिंसालगायतका अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारको गम्भीर उल्लङ्घनमा संलग्न थिए ।[३]

### क.२. नेपालका महिलामा द्वन्द्वको असर : बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपसमेत यातनाको योजनाबद्ध प्रयोग

५. संलग्न सबै पक्षले द्वन्द्वका क्रममा व्यापक तथा योजनाबद्ध रूपमा यातना, बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपसमेत गरी मानव अधिकारको गम्भीर उल्लङ्घन गरेका थिए ।[४] विशेषतः, युद्धरत पक्षमा संलग्न भएको बहानामा वा माओवादी लडाकुलाई खाना र बास दिएका कारण महिलाहरूले सुरक्षाकर्मीबाट

---

३ Human Rights Watch (HRW), Silenced and Forgotten: Survivors of Nepal's Conflict-era Sexual Violence, 2014, available athttp://www.hrw.org/sites/default/files/reports/nepal0914_ForUpload_0.pdf, p. 23.

४ Committee against Torture (CAT), Concluding Observations on Nepal, UN Doc. CAT/C/NPL/CO/2, 13 April 2007, para. 27; International Centre for Transitional Justice (ICTJ) and Centre for Research on Environment Health and Population Activities (CREPAH), To Walk Freely with a Wide Heart, 2014, available at https://www.ictj.org/sites/default/files/ICTJ-Report-Nepal-Reparations-2014.pdf, p. 7; ICTJ and Advocacy Forum, Across the Lines, The Impact of Nepal's Conflict on Women, 2010, available at https://www.ictj.org/sites/default/files/ICTJ-Nepal-Across-Lines-2010-English.pdf, p. 51; and Institute of Human Rights Communication, Nepal (IHRICON), Sexual Violence in the "People's War": The Impact of Armed Conflict on Women and Girls in Nepal, Kathmandu, 2007, p. 10.

यौन हिंसा सहनुपरेको थियो । हिरासत[५] र नियन्त्रण[६]मा रहँदा एवं सेना र प्रहरीको संयुक्त कारबाहीका बेलासमेत[७] महिला र बालिकाहरूमाथि बलात्कार र यौन दुर्व्यवहार भएको थियो; यदि कोही माओवादी भएको वा माओवादीप्रति सहानुभूति राख्ने मान्छे भएको शङ्का लाग्दा समेते[८] यस्तो हिंसा हुन्थ्यो । महिलाले माओवादीको विरोध गरे वा पार्टीका गतिविधिलाई सहयोग गर्न इन्कार गरे भने माओवादी लडाकुले आफ्नै कार्यकर्तामध्येकै महिलाहरूलाई पनि बलात्कार गरेको जानकारीमा आएको छ[९] । यद्यपि, द्वन्द्वको समय र त्यसपछि पनि महिलामाथिको यौन हिंसालाई सहेर बस्नका लागि नेपालमा संस्थागत तथा प्रणालीगत पितृसत्ता एवं कानुनको फितलो कार्यान्वयनलाई साधनका रूपमा प्रयोग गरिएको थियो र अहिले पनि छ । विस्तृत शान्ति सम्झौता भएको १४ वर्ष भइसक्दा पनि द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडित न्याय र क्षतिपूर्तिको पहुँचबिना बाँचिरहेका छन् । यौन हिंसा भोग्दा नाबालिग रहेका प्रायः पीडितहरू[१०] आजसम्म पनि त्यसको दीर्घकालीन शारीरिक तथा मानसिक परिणामबाट दुःख पाइरहेका छन् । आजसम्म पनि उनीहरू चिकित्सकीय सहायता[११], निःशुल्क कानुनी सहयोग र जीविकामा सहयोग[१२]लगायतको प्रतीक्षा गर्दै छन् ।

### ख. फूलमती न्यायको घटना अध्ययन

६. यस खण्डले फूलमती न्यायको घटनाको प्रतिनिधित्वमूलक प्रकृतिको चर्चा गर्दै यस घटनाका तथ्यहरूको सारांश प्रस्तुत गर्छ र मानव अधिकार समितिका सिफारिस एवं परिपूरणका लागि पहिचान गरिएका उपायहरूबारे पनि जानकारी दिन्छ । यसै खण्डले मानव अधिकार समितिको निर्णयको कार्यान्वयनको

---

[५] CAT, Concluding Observations on Nepal, op. cit., para. 27; and ICTJ and Advocacy Forum, Across the Lines, The Impact of Nepal's Conflict on Women, op. cit., p. 56.

[६] Office of the United Nations High Commissioner for Human Rights (OHCHR), Nepal Conflict Report, 2012, available at https://www.ohchr.org/Documents/Countries/NP/OHCHR_Nepal_Conflict_Report2012.pdf, p. 173.

[७] संवत् २०५८मा नेपाल सरकारले नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई शाही नेपाली सेनाको नेतृत्वको एकीकृत कमान्डमा रहेने गरी संयुक्त कारबाहीमा परिचालन गर्ने निर्णय गरेको थियो । OHCHR, Nepal Conflict Report, op. cit., pp. 15 and 23; HRW, Silenced and Forgotten: Survivors of Nepal's Conflict-era Sexual Violence, op. cit., p. 11; and ICTJ and Advocacy Forum, Across the Lines, The Impact of Nepal's Conflict on Women, op. cit., p. 53.

[८] HRW, Silenced and Forgotten: Survivors of Nepal's Conflict-era Sexual Violence, op. cit., p. 8.

[९] ऐ.

[१०] Committee on the Rights of the Child (CRC), Concluding Observations on Nepal, UN Doc. CRC/C/NPL/CO/3-5 of 8 July 2016, para. 34 (d); and OHCHR, Nepal Conflict Report, 2012, op. cit., p. 23.

[११] HRW, Silenced and Forgotten: Survivors of Nepal's Conflict-era Sexual Violence, op. cit., p. 8.

[१२] UN Security Council, Report of the Secretary-General on conflict-related sexual violence, 23 March 2018, UN Doc. S/2018/250, para. 108.

अवस्था र आफू पीडित भएको घटनाबारे भएको निर्णयको कार्यान्वयनका लागि फूलमती न्यायले चालेका कदमबारे पनि प्रस्तुत गर्छ ।

### ख.१. फूलमती न्यायको मुद्दाको प्रतिनिधित्वमूलक प्रकृति

७. फूलमती न्यायको मुद्दा नेपालमा सशस्त्र द्वन्द्वका समयमा बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपको व्यापक तथा योजनाबद्ध रूपमा प्रयोग भएको चित्रण गर्ने एक मुद्दा हो । थुप्रै अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्र तथा गैरसरकारी संस्थाले नेपालमा द्वन्द्वका समयमा गैरन्यायिक नियन्त्रण तथा कारणबिना पक्राउ[१३]पछि यातना र बलात्कारको योजनाबद्ध अभ्यासको अस्तित्व रहेको ठम्याएका छन् । नेपालबारेको आफ्नो अन्तिम निष्कर्षात्मक अवलोकन वक्तव्यमा मानव अधिकार समितिले "जीवनका सबै पक्षमा महिलाविरुद्धको भेदभाव कायमै राख्ने पितृसत्तात्मक धारणा एवं जरा गाडेर बसेका परम्परागत ढाँचाको उपस्थिति[१४]"प्रति चिन्ता व्यक्त गरेको छ । त्यसमाथि, फूलमती न्याय द्वन्द्वका समयमा असमान हिसाबले प्रभावित[१५] आदिवासी थारू समुदायसँग सम्बन्धित छिन् । धेरै अध्ययनहरूले बताएका छन् कि आदिवासी वा जातीय समूहसँग सम्बन्धित महिलाहरू द्वन्द्वका विभिन्न समयमा धेरै प्रभावित हुनुका साथै सरकारी अधिकारीहरूका हातबाट अधिकार उल्लङ्घनको धेरै सिकार भएका थिए ।[१६] महिलाविरुद्धको हिंसा, यसका कारण तथा परिणामसम्बन्धी विशेष प्रतिवेदकले पनि यसको चर्चा गर्दै लेखेकी थिइन्, "थारू महिलालगायत हिंसाका अन्तर्सम्बन्धित र बहुरूपको सामना गर्ने महिला तथा बालिकाहरूलाई महिलाविरुद्धको हिंसाले असमान हिसाबले प्रभाव पार्छ ।"[१७]

---

[१३] HRC, Concluding Observations on Nepal, UN Doc. CCPR/C/NPL/CO/2 of 28 March 2014, available at: https://www.un.org/sexualviolenceinconflict/wp-content/uploads/2019/04/report/s-2019-280/Annual-report2018.pdf, para. 11.

[१४] ऐ., para. 8.

[१५] Special Rapporteur on the Situation of Human Rights and Fundamental Freedoms of Indigenous Peoples, Report on the Situation of Indigenous Peoples in Nepal, UN Doc. A/HRC/12/34/Add.3 of 20 July 2009, para. 8; ICTJ, To Walk Freely with a Wide Heart, op. cit., p. 7; and ICTJ and Advocacy Forum, Across the Lines, The Impact of Nepal's Conflict on Women, op. cit., p. 50. 16; See Special Rapporteur on the Situation of Human Right

[१६] See Special Rapporteur on the Situation of Human Rights and Fundamental Freedoms of Indigenous Peoples, Report on the Situation of Indigenous Peoples in Nepal, op. cit., para. 37. यसअनुसार चितवन राष्ट्रिय निकुञ्जको गस्तीमा खटिएका सैनिक अधिकारहरूले आदिवासी महिलामाथि यौन दुर्व्यवहार गरेको जानकारी आएको थियो ।

[१७] Special Rapporteur on Violence against Women, its Causes and Consequences (SR on VAW), Report on country visit to Nepal, UN Doc. A/HRC/41/42/Add.2 of 19 June 2019, available at https://documents-ddsny.un.org/doc/UNDOC/GEN/G19/176/95/PDF/G1917695.pdf?OpenElement, para. 65.

८. सम्बन्धित निकायमा खबर गर्नु त टाढाको कुरा, धेरै महिलाहरू बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपबाट उत्पन्न पीडालाई आफ्नै परिवारका सदस्यलाई बताउन पनि सक्दैनथे[१८] । धेरै महिलाहरूले ठूलो अन्याय महसुस गरेको भएता पनि[१९] उपलब्ध कानुनी उपचारबारे जानकारीको अभाव एवं अन्य कानुनी व्यवधान र डर तथा लाञ्छनाको कारण समेतले गर्दा उनीहरूले हिंसाबारे उजुरी गर्न सकेनन्[२०] । यसबाहेक, महिलाविरुद्धको हिंसासम्बन्धी विशेष प्रतिवेदक (special rapporteur) ले द्वन्द्वका क्रममा यौन हिंसा, बलात्कार तथा यातनाबाट पीडित भएका महिला तथा बालिकामा परेको प्रभावबारे विशेष चासो व्यक्त गरेकी छिन् । द्वन्द्वका क्रममा भएका गम्भीर मानव अधिकार उल्लङ्घनको छानबिनका लागि संवत् २०७१ (सन् २०१५)मा गठित सङ्क्रमणकालीन न्याय निकाय, सत्य निरुपण तथा मेलमिलाप आयोग[२१]मा द्वन्द्वसम्बन्धी यौन हिंसाका घटनाबारे कम उजुरी परेको तथ्यलाई पनि उनले चिन्ताजनक स्थितिको रुपमा उठाएकी छिन् ।

९. उल्लेखित चुनौती हुँदाहुँदै पनि फूलमती न्यायले आफ्नो मुद्दा अगाडि बढाई एक अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्र (मानव अधिकार समिति)समक्ष आवेदन दिइन् । सन् २०१९को मार्च (संवत् २०७५को फागुन/चैतमा) समितिले उनको पक्षमा निर्णय दिई उनले पाउनुपर्ने परिपूरणका उपाय सुझाए पनि तल उल्लेख गरिएझैँ यी उपायहरू आजसम्म कार्यान्वयन भएका छैनन् । समितिका निर्णय कार्यान्वयन गर्न राज्यले देखाएको अनिच्छाले अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्र र निकायका बारम्बारका आग्रह र सिफारिसलाई वास्ता नगरी राज्यले दण्डहीनतालाई प्रश्रय दिएको/सहेको तर्फ इंगित गर्दछ । अतः यो घटनाले वास्तवमै न्याय प्रणाली एवं सम्बन्धित आन्तरिक कानुनमा विद्यमान छिद्र/कमीकमजोरी र नेपालको वर्तमान समाजमा महिला तथा द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितको अवस्थाबारे व्याख्या गर्दछ ।

### ख.२. घटनाबारेका तथ्यहरूको सारांश

१०. एक दशक लामो आन्तरिक सशस्त्र द्वन्द्वका माझ संवत् २०५८ चैत २० गते, नेपालको आदिवासी थारू समुदायकी १४ वर्षीया बालिका फूलमती न्यायलाई कैलाली जिल्लास्थित उनकै घरबाट बिनाकारण

[१८] HRW, Silenced and Forgotten: Survivors of Nepal’s Conflict-era Sexual Violence, op. cit., p. 8.
[१९] ऐ. p. 13.
[२०] ICTJ, We Cannot Forget: Truth and Memory in Post Conflict Nepal, 2017, available at https://www.ictj.org/sites/default/files/We%20Cannot%20Forget%20Book.pdf, p. 23.
[२१] SR on VAW, Report on country visit to Nepal, op. cit., para. 58.

पक्राउ गरियो। सशस्त्र प्रहरी बल र शाही नेपाली सेनाका करिब ३०० जना उनको गाउँ पसे र माओवादी विद्रोहीको हेरचाह गरेको आरोपमा उनलाई पक्राउ गरे । पक्राउ पश्चात उनलाई एक सैनिक समूहले अनुपयुक्त तरिकाले छोयो र यौन दुर्व्यवहार गऱ्यो । तेघरीको सैन्य ब्यारेकमा नियन्त्रणमा रहँदा उनलाई बारम्बार बलात्कार गरियो र कसुर स्वीकार गर्न लगाउने बहानामा उनीमाथि यौनजन्य, मौखिक तथा शारीरिक हिंसा गरियो । यी नाबालिगलाई बलात्कार र यौन दुर्व्यवहार मात्र गरिएन, सैन्य ब्यारेकभित्रै श्रम गर्न पनि लगाइयो । पक्राउ परेको नौ दिनपछि उनलाई बनबेहडास्थित सशस्त्र प्रहरी बलको बकिमालिका गणमा सारियो। तेघरी र बकिमालिका दुवैतिर हिरासतको स्थिति अमानवीय थियो।

११. संवत् २०५९ जेठ ३१ गते उनलाई रिहा गरियो तर त्यसै वर्षको चैतसम्म उनलाई नियमित रूपमा ब्यारेकमा हाजिर भइरहन र माओवादी के गर्दै छन् भनी प्रहरीलाई सूचित गर्न बाध्य पारियो । चरम यातनाको असरस्वरूप फूलमती न्याय गम्भीर शारीरिक तथा मनोवैज्ञानिक बिमारबाट पीडित छिन् । यसबाहेक, उनलाई समाजले बहिष्कार गऱ्यो र उनको औपचारिक पढाइ पनि रोकियो । जब उनका श्रीमान्‌ले आफूलाई भेट्नुअघि नै उनले भोगेको यौन दुर्व्यवहारबारे थाहा पाए, उनले फूलमती न्यायलाई अस्वीकार गरी उनकै माइती पठाइदिए। उनी दुई वर्षसम्म श्रीमतीको सम्पर्कमा आउन मानेनन्।

१२. अन्तरिम राहतको सम्भावनाबारे थाहा पाएपछि फूलमतीले संवत् २०६७ को पुस/माघतिर आफूलाई बिनाकारण पक्राउ र दुर्व्यवहार गरिएको विषयमा कैलालीका प्रमुख जिल्ला अधिकारीसँग गुनासो गरिन्। तर उनले आजसम्म कुनै राहत पाएकी छैनन्। तलको खण्डमा भनिएझैँ, फूलमतीलगायत द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितलाई नेपालको आन्तरिक द्वन्द्वको पीडितका रूपमा पहिचान गरिएको छैन र नेपाल सरकारको अन्तरिम राहत सुविधाबाट वञ्चित गरिएको छ । आफ्नो पीडाबारे फौजदारी उजुरी गर्न सकिने सम्भावनाबारे थाहा पाएपछि फूलमती न्याय संवत् २०७० फागुन ५ गते कैलाली जिल्ला प्रहरी कार्यालयमा गइन्। तर त्यस समय कायम रहेको मुलुकी ऐनको दफा ११अनुसार बलात्कारको उजुरी ३५ दिनभित्र हाल्नुपर्ने व्यवस्थाका कारण उनले उजुरी दर्ता गर्न पाइनन्। त्यसै दिन, एक कानुनी प्रतिनिधिको सहयोगमा फूलमती न्यायले यातना तथा क्षतिपूर्ति ऐनअनुसार क्षतिपूर्तिको माग गर्दै जिल्ला अदालतमा निवेदन हाल्ने प्रयास गरिन्। तर अदालतले पनि आन्तरिक कानुनमा स्थापित ३५ दिने हदम्यादको कारण देखाउँदै उनको दाबी दर्ता गरेन । आफैं शारीरिक तथा मनोवैज्ञानिक पीडासँग सङ्घर्ष गरिरहेको र लाञ्छना तथा त्रासका कारण शक्तिहीन रहेकै कारण उनले आफू रिहा हुनासाथ उजुरी हालेकी थिइनन्। अर्कातर्फ, यातना तथा क्षतिपूर्ति ऐनले आपराधिक उत्तरदायित्व प्रदान गर्ने नभई अधिकतम एक लाख

रुपैयाँ (करिब एक हजार २६६ अमेरिकी डलर)सम्मको क्षतिपूर्ति मात्र उपलब्ध गराउँछ भन्ने कुरा यहाँ जोड दिनुपर्छ । यद्यपि फूलमती न्यायले यो थोरै क्षतिपूर्ति पनि पाइनन् । संवत् २०७० चैत २८ गते फूलमतीले ३५ दिने हदम्याद लागू हुन नहुने गरी परमादेश माग गर्दै सर्वोच्च अदालतमा निवेदन दिइन् । सर्वोच्च अदालतले १५ दिन अर्थात् संवत् २०७१ वैशाख १९ भित्र जवाफ माग गर्दै गृह मन्त्रालय, प्रहरी प्रधान कर्यालय र कैलाली जिल्ला प्रहरी कार्यालय तथा जिल्ला प्रशासन कार्यालयका नाममा कारण देखाऊ आदेश जारी गऱ्यो । तर कसैले पनि यो आदेशको सम्मान नगरेपछि अदालतले संवत् २०७१ जेठ १९को अर्को मिति दियो । प्रहरी प्रधान कार्यालय र गृह मन्त्रालयले क्रमशः वैशाख २२ र जेठ ५मा आफ्नो जवाफ बुझाउँदै ३५ दिने हदम्याद लागू हुनुपर्ने र अहिले छानबिन अगाडि बढ्न नसक्ने भन्दै निवेदकको दाबी मान्य नहुने जिकिर गरे । अदालतले कैलाली जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयको जवाफ कुर्दै जवाफ बुझाउने मिति असार १९सम्म बढाएको थियो ।

१३. नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र[२२] तथा यसको पहिलो इच्छाधीन प्रलेख[२३]मा संवत् २०४८ वैशाख ३१ मै अनुमोदन गरेकाले यस प्रतिज्ञापत्रअनुसारका आफ्ना अधिकारको हनन भएको मान्ने व्यक्ति वा समूहले प्रतिज्ञापत्रको अनुगमन गरिरहेको निकाय मानव अधिकार समिति (एचआरसी)[२४]मा उजुरी गर्न सक्छन् । त्यसैले ट्रायल इन्टरनेशनलको सहयोगमा फूलमती न्यायले मानव अधिकार समितिमा संवत् २०७१ असार ६ गते एक निवेदन पेश गरिन् ।

### ख.३. फूलमती न्याय वि. नेपालको मुद्दामा मानव अधिकार समितिको निर्णय

१४. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमा उल्लेखित विभिन्न अधिकारहरू[२५], जस्तै : यातना[२६], क्रूर तथा अमानवीय वा अपमानजनक व्यवहार[२७], जबर्जस्ती श्रम[२८]को

---

[२२] संवत् २०२३ पुस १ गते महासभाको निर्णय २२००ए (२१)अनुसार पारित भई हस्ताक्षर, अनुमोदन तथा कार्यान्वयनका लागि खुला भएको यो प्रतिज्ञापत्र धारा ४९अनुसार संवत् २०३२ चैत १० गतेबाट लागू भयो ।

[२३] संवत् २०२३ पुस १ गते महासभाको निर्णय २२००ए (२१)अनुसार पारित भई हस्ताक्षर, अनुमोदन तथा कार्यान्वयनका लागि खुला भएको यो प्रतिज्ञापत्रको इच्छाधीन प्रलेख धारा ९अनुसार संवत् २०३२ चैत १० गतेबाट लागू भयो ।

[२४] स्वतन्त्र विज्ञहरूको समूहका रूपमा रहेको मानव अधिकार समितिले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको कार्यान्वयनका लागि पक्ष राष्ट्रहरूले चालेका कदमको अनुगमन गर्दछ ।

[२५] HRC, Case Fulmati Nyaya v. Nepal, Views of 18 March 2019, para. 9.

[२६] ऐ.

[२७] ऐ.

[२८] ऐ.

निषेध एवं स्वतन्त्रता र सुरक्षा[२९]को अधिकारको उल्लङ्घनका लागि नेपाललाई जिम्मेवार ठहर गर्दै मानव अधिकार समितिले संवत् २०७४ चैत ४ गते आफ्नो निर्णय दियो । विशेषतः समितिले प्रतिज्ञापत्रका धाराहरू: धारा ७ र २४(१); धारा २(१) र ३, एक्लाएक्लै तथा धारा ७, २४(१) र २६का साथ; धारा ८(३), एक्लै तथा धारा ७ र २४(१)का साथ; धारा ९, एक्लै तथा धारा २(३) र २४(१)का साथ; धारा १७ र २३(१); धारा २(३), एक्लै तथा धारा ३, ७, ९, २४ र २६का साथ उल्लङ्घन भएको ठहर गर्‍यो ।

१५. प्रतिज्ञापत्रको धारा २(३)(क)अनुसार फूलमती न्यायलाई निम्नसमेतको प्रभावकारी कानुनी उपचार दिलाउने दायित्व नेपालको रहेको मानव अधिकार समितिले घोषणा गर्‍यो :

- फूलमती न्यायको पक्राउ, नियन्त्रण र बलात्कार हुँदा एवं नियन्त्रणमा रहँदा उनीमाथि भएको व्यवहारबारे रहेका तथ्यहरूको विस्तृत तथा प्रभावकारी अनुसन्धान गर्ने;
- अधिकार उल्लङ्घनमा जिम्मेवारहरूको अभियोजन तथा सुनुवाइ गरी सजाय गर्ने ;
- फूलमती न्यायलाई अनुसन्धानको नतिजाबारे विस्तृत जानकारी प्रदान गर्ने ;
- फूलमती न्यायलाई आवश्यक मनोवैज्ञानिक पुनर्स्थापना तथा चिकित्सकीय उपचार पर्याप्त मात्रामा तथा निःशुल्क उपलब्ध गराइएको सुनिश्चित गर्ने ; तथा
- फूलमती न्यायले भोगेको पीडाका लागि निजी समारोहमा औपचारिक माफीको व्यवस्थासहित प्रभावकारी परिपूरण, पर्याप्त क्षतिपूर्ति र उपयुक्त सन्तोषजनक उपायको व्यवस्था गर्ने ।[३०]

१६. मानव अधिकार समितिले थप रुपमा, पक्ष राज्यले आफ्नो कानुनमा निम्नानुसार व्यवस्था गरी भविष्यमा यस्तो उल्लङ्घनका घटनाको रोकथामका लागि आवश्यक कदम चाल्नका लागि पनि जिम्मेवार रहने भनेको छ :

अ. यातनालाई अपराध मानी अपराधको गाम्भीर्यता अनुसार उपयुक्त सजाय तथा उपचारको व्यवस्था गर्ने;

आ. बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपको परिभाषालाई अन्तर्राष्ट्रिय स्तरअनुरूप अनुकूलन गर्ने;

---

[२९] ऐ.
[३०] ऐ.

इ. बलात्कार, यौन हिंसाका अन्य स्वरूप तथा यातनाको अविलम्ब, निष्पक्ष र प्रभावकारी छानबिन सुनिश्चित गर्ने;

ई. यस्ता अपराधमा जिम्मेवार देखिएकाहरूको आपराधिक अभियोजन शुरु गर्ने, र

उ. नेपाली सशस्त्र द्वन्द्वका सन्दर्भमा यातनाका स्वरूपझैँ महिला तथा बालिकाविरुद्धका बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपका पीडितलाई उजुरी हाल्न र न्याय तथा क्षतिपूर्तिको प्रभावकारी पहुँचमा पुग्नबाट रोक्ने व्यवधानहरू हटाउने, अपराधको गाम्भीर्यअनुसार उजुरी दिने हदम्यादमा उल्लेख्य वृद्धि गर्नेसमेत ।[३१]

१७. अन्त्यमा, मानव अधिकार समितिले भनेको थियो कि समिति "पक्ष राष्ट्रबाट आफ्ना धारणालाई लागू गर्नका लागि चालिएका कदमबारे १८० दिनभित्र जानकारी प्राप्त गर्न चाहन्छ"[३२] र उसले नेपाललाई "प्रस्तुत धारणा प्रकाशित गरी पक्ष राष्ट्रका औपचारिक भाषाहरूमा व्यापक रूपमा प्रवाह गर्न"[३३] आग्रह गरेको थियो ।

१८. छुट्टै प्रेस विज्ञप्तिमा मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयले यस निर्णयको महत्त्वमा जोड दिँदै नेपाल सरकारलाई मानव अधिकार समितिको धारणा अविलम्ब कार्यान्वयन गर्न आग्रह गरेको थियो ।[३४]

१९. निर्णयबारे सूचित गरिएको मिति (संवत् २०७६ मङ्सिर २२)देखि १८० दिनभित्र मानव अधिकार समितिका धारणा लागू गर्न चालिएका कदमबारे जानकारी पठाउन समितिले नेपाल सरकारलाई आग्रह गरेको थियो । साथै नेपाललाई "प्रस्तुत धारणा प्रकाशित गरी पक्ष राष्ट्रका औपचारिक भाषाहरूमा व्यापक रूपमा प्रवाह गर्न"[३५] आग्रह गरेको थियो । निर्णय अनुमोदन भएको २० महिनाभन्दा बढी भइसकेको छ, तर नेपाली अधिकारीहरूले फूलमती न्यायको मुद्दामा प्रस्तुत धारणाको कार्यान्वयन सुनिश्चित गर्न एक कदम पनि चालेका छैनन् ।

---

[३१] ऐ

[३२] ऐ. para. 10.

[३३] ऐ.

[३४] UN experts: Nepal must change its laws to let victims of human rights violations access justice, available at https://www.ohchr.org/EN/NewsEvents/Pages/DisplayNews.aspx?NewsID=24631&LangID=E.

[३५] HRC, Case Fulmati Nyaya v. Nepal, op. cit., para. 10.

२०. बरु फूलमती न्यायले नै मानव अधिकार समितिले आफ्नो उजुरीबारे गरेको निर्णय कार्यान्वयन गराउनका लागि विभिन्न कदम चालेकी छिन् । संवत् २०७६ फागुन १९ गते उनका तर्फबाट ट्रायल इन्टरनेशनलले प्रधानमन्त्रीको कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र स्वास्थ्य मन्त्रालयलगायत विभिन्न नेपाली निकायहरूलाई पत्र पठाएको थियो । यीमध्ये कसैले पनि पत्रको जवाफ दिएनन् ।

२१. यसबाहेक, फूलमती न्यायका प्रतिनिधिहरूले निरन्तर ताकिता गर्दागर्दै नेपाली निकायहरूले न उनलाई सम्पर्क गरे, न त मानव अधिकार समितिको निर्णयबारे उनको अधिकारबारे सूचित गरे । उनीहरूले समितिले भनेका कुनै कदम पनि चालेनन् । गम्भीर मानव अधिकार उल्लङ्घनका परिणाम उनले निरन्तर भोगिरहेकी छिन् र आजसम्म पनि न्याय तथा परिपूरणमा पहुँच पाएकी छैनन् ।

२२. संवत् २०७६ फागुन ३०मा ट्रायल इन्टरनेशनलको सहयोगमा फूलमती न्यायले मानव अधिकार समितिमा समितिको निर्णयबारेको अद्यावधिक प्रतिवेदन बुझाउँदै सुझाइएका कदमको कार्यान्वयनको अभावसँगै आफू र आफ्ना प्रतिनिधिले नेपाली निकायहरूलाई ती निर्णय कार्यान्वयनका लागि आग्रह गर्दै आएको कुरा वर्णन गरिन् ।

२३. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र तथा यसको पहिलो इच्छाधीन प्रलेखको पक्ष राष्ट्रका रूपमा, प्रतिज्ञापत्रका व्यवस्था तथा मानव अधिकार समितिका निर्णय कार्यान्वयन गर्नु नेपालको दायित्व हो । पूर्णमाया वि. नेपालको मुद्दामा संवत् २०७३ चैत ४ गते जारी आफ्नो धारणामा मानव अधिकार समितिले पूर्णमायाले भोगेको सामूहिक बलात्कारमा उनीमाथि भेदभावपूर्ण उद्देश्य राखिएको बताएको थियो भन्ने कुरा उल्लेखनीय छ ।[३६] यस्तो निष्कर्षका पछाडि अन्य कारणका अतिरिक्त यस किसिमका अपराधको अनुसन्धान गरी जिम्मेवार व्यक्तिको अभियोजन र सजायका सवालमा राज्य पक्षको आम असफलता पनि जिम्मेवार थियो ।[३७] मानव अधिकार समितिले पूर्णमायाको मुद्दामा सुझाएका कदमहरूसमेत आजसम्म पनि कार्यान्वयन भएका छैनन् ।

२४. यहाँ व्याख्या गरिएको अवस्था पीडादायी यथार्थ हो । एकातिर द्वन्द्वका क्रममा बलात्कार तथा यौन हिंसाका अन्य स्वरूप सहन बाध्य भएका फूलमती न्याय र पूर्णमायाजस्ता सयौँ नेपाली महिलाका लागि

---

[३६] HRC, *Case Purna Maya v. Nepal,* Views of 17 March 2017, para. 12.4.
[३७] ऐ.

आफ्नो पीडाका लागि पर्याप्त परिपूरण प्राप्त गर्नु र अपराधमा जिम्मेवार व्यक्तिहरूलाई उत्तरदायी बनाइएको देख्नु उत्तिकै असम्भव भएको छ भने अर्कातर्फ फूलमती न्याय र पूर्णमायाका जस्ता अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रमा व्यक्तिगत रूपमा पुगेका मुद्दाहरूसम्बन्धी यस्ता संयन्त्रका निर्णय कार्यान्वयन भएका छैनन्, जुन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताको उल्लङ्घन हो ।

## ग. द्वन्द्वसम्बन्धी यौन हिंसाको सम्बोधनका लागि राष्ट्रिय कानुन तथा संयन्त्रहरू

### ग.१. आन्तरिक कानुनी संरचनाका कमजोरीहरू

२५. फूलमती न्यायमाथिको अपराधहरू हुँदाताकाको फौजदारी कानुन भनेको मुलुकी ऐन २०२० थियो र यसले बलात्कारलगायतका यौन हिंसाका अपराधबारे उजुरी गर्न ३५ दिने हदम्याद तोकेको थियो ।[३८] त्यसै गरी, यातनासम्बन्धी क्षतिपूर्ति ऐनले पनि यातनाबापत क्षतिपूर्तिको आवेदनका लागि ३५ दिने म्याद कायम राखेकै थियो ।[३९] यी व्यवस्थाहरूले अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन गरेको छ ।[४०]

२६. संवत् २०७५ भदौ १ देखि मुलुकी फौजदारी संहिता कार्यान्वयनमा आयो र यसले यौन हिंसाका हकमा एक वर्ष[४१] तथा यातनाका हकमा छ महिनाको हदम्याद[४२] कायम गरेको छ । तर अपराधको गाम्भीर्यताअनुसार यी प्रावधानहरू सुसंगत छैनन् र यसले द्वन्द्वका क्रममा भएका घटनाबारे उजुरी दिन पीडितले भोगेका कठिनाइलाई प्रतिबिम्बित गर्दैन ।[४३] यो हदम्यादको व्यवस्थामा एक मात्र अपवाद भनेको हाडनाता करणीको कसुर हो, जसमा उजुरी गर्न कुनै हदम्याद लाग्दैन ।[४४] जे नै भए पनि मुलुकी फौजदारी संहिता भूतप्रभावी नभएकाले, (अर्थात् विगतका घटनाका हकमा कार्यान्वयन नहुने भएकाले) यस कानुनले द्वन्द्वका समयका अपराधका सम्बन्धमा न्यायको पहुँचका लागि कुनै छुट्टै व्यवस्था गरेको छैन ।

२७. अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान बमोजिम निश्चित अवस्थामा बलात्कार तथा यौन हिंसाका अन्य स्वरूप (बलात्कार, यौन दासत्व, जबर्जस्ती वेश्यावृत्ति, जबर्जस्ती गर्भधारण, जबर्जस्ती

---

[३८] मुलुकी ऐन २०२० (मुलुकी फौजदारी संहिता २०२००, करणीसम्बन्धी अध्याय, सं. ११

[३९] Compensation Relating to Torture Act, 2053 (1996), Sec 5 (1). On the incompatibility between the Compensation relating to Torture Act and international law, see, among others, HRC, Case Bagale v. Nepal, Views of 2 November 2020, para. 6.5.

[४०] For the cases of torture: HRC, *Case Maharjan v. Nepal*, Views of 19 July 2012, para. 7.6; and *Case Giri v. Nepal,* Views of 24 March 2011, para. 6.3; *Case Sherpa v. Nepal*, Views of 4 January 2016, para. 10. See also HRC, General Comment No. 31 on the Nature of the General Legal Obligation Imposed on States Parties to the Covenant, of

[४१] मुलुकी फौजदारी संहिता २०७४, दफा २२९(२)

[४२] ऐ., दफा १७०(२)

[४३] SR on VAW, Report on country visit to Nepal, op. cit., para. 35.

[४४] मुलुकी फौजदारी संहिता २०७४, दफा २२९(१)

बन्ध्याकरण एवं तुलनायोग्य गाम्भीर्यता भएका यौन हिंसाका अन्य रूपसमेत)[४५]लाई नरसंहार, मानवताविरुद्धका अपराध तथा युद्ध अपराधसरह मान्न सकिन्छ ।[४६] मुलुकी फौजदारी संहिताले (हाडनाता करणी, हिरासतमा हुने यौन सम्बन्ध तथा बाल दुर्व्यवहारलगायतका) केही यौन कसुरको सम्बोधन गरे पनि बलात्कार र जबर्जस्ती गर्भपतन मात्र त्यस्ता यौन हिंसा हुन् जुन अन्तर्राष्ट्रिय कानुनले निषेध गरेका छन् र राष्ट्रिय कानुनी संरचनामा पनि तिनको स्पष्ट सङ्केत गरिएको छ ।[४७] यसबाहेक, यदि कुनै कसुर मानवताविरुद्धको अपराध हो भने यसले उक्त अपराधको गाम्भीर्य बढ्ने भनी मुलुकी फौजदारी संहिताको दफा ३८ (प)ले तोकेको छ । यद्यपि, संहिताले यसबारे थप विस्तृत विवरण दिएको छैन र अन्तर्राष्ट्रिय मापदण्ड पूरा भएको अवस्थामा बलात्कारलाई मानवताविरुद्धको अपराध मानिन्छ कि मानिन्न भन्ने स्पष्ट छैन । साथै, अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान अनुमोदन नहुँदा एवं मुलुकी अपराध संहितामा बलात्कारलाई नरसंहार, युद्ध अपराध तथा मानवताविरुद्धको अपराधका रूपमा अपराधीकरण नगरिँदा दण्डहीनताको संस्कृति थप बलियो भई पीडितको न्यायको पहुँचमा थप व्यवधान आएका छन् ।

२८. माथि व्याख्या गरिएझैँ, यौन हिंसालाई नरसंहार, युद्ध अपराध वा मानवताविरुद्धका अपराध मानी अपराधीकरण नगरिएकाले द्वन्द्वसम्बन्धी यौन हिंसाविरुद्ध औपचारिक फौजदारी प्रक्रिया शुरु गर्न असम्भव रहेका अवस्थामा दोषीलाई उत्तरदायी बनाइएको छैन र उनीहरू दण्डहीनताको फाइदा उठाउँदै छन् ।

---

[४५] अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधानको धारा ७(१)(छ) अनुसार “आक्रमणको ज्ञानसहित कुनै निःशस्त्र जनसमूहलाई लक्षित गरी व्यापक वा योजनाबद्ध आक्रमणको अङ्गका रूपमा हुने” बलात्कार, यौन दासत्व, जबर्जस्ती वेश्यावृत्ति, जबर्जस्ती गर्भधारण, जबर्जस्ती बन्ध्याकरण तथा “तुलनायोग्य गाम्भीर्य भएका यौन हिंसाका अन्य रूप”लाई मानवताविरुद्ध हुने अपराधसरह मान्न सकिन्छ । बलात्कार, यौन दासत्व, जबर्जस्ती वेश्यावृत्ति, जबर्जस्ती गर्भधारण, जबर्जस्ती बन्ध्याकरण तथा “जेनेभा महासन्धिको गम्भीर उल्लङ्घन गर्ने यौन हिंसाका अन्य रूप” पनि यदि अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्व (धारा ८(२)(ख)(२२) तथा गैरअन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्व (धारा ८(२)(ङ)(६)–६)का सन्दर्भमा तथा त्यससँग जोडिएर हुन्छन् भने ती युद्ध अपराधसरह मानिन्छन् ।

[४६] अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधानको अपराधका तत्त्वहरूअनुसार “एक वा धेरै व्यक्तिविरुद्ध यौन प्रकृतिको कार्य तथा करकाप, धम्की, हिंसा वा धम्कीको त्रास, नियन्त्रण, मनोवैज्ञानिक दबाब, शक्तिको दुरुपयोगद्वारा वा करकापयुक्त वातावरण एवं व्यक्ति वा व्यक्तिहरूको वास्तविक सहमति दिन सक्ने क्षमताको अभावको फाइदा उठाई यस्तो व्यक्ति वा व्यक्तिहरूलाई सोही व्यक्ति वा व्यक्तिहरू वा अन्य व्यक्तिविरुद्ध यौन प्रकृतिको कार्यमा लगाउने कार्य” गर्ने व्यक्ति यौन हिंसाका अपराधका दोषी हुन् (अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका क्रममा भएका युद्ध अपराधका सम्बन्धमा धारा ८(२)(ख)(२२)–६ र गैरअन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्वका क्रममा भएका युद्ध अपराधका सम्बन्धमा धारा ८(२)(ङ)(६)–६) । यसै गरी धारा ७(१)(छ)–६ले यौन हिंसालाई मानवताविरुद्धको अपराधका रूपमा उल्लेख गरेको छ । त्यसविपरीत, नेपाल कानुनले यौन हिंसाको विशिष्ट परिभाषा दिएको छैन ।

[४७] मुलुकी फौजदारी संहिता २०७४को दफा १८८को अनुच्छेद २ले “कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाइफकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन हुँदैन” भनी जबर्जस्ती गर्भपातलाई निषेध गरेको छ । साथै, दफा १८९ले बलात्कारका अवस्थामा १८ हप्तासम्म (बलात्कारको परिणाम नभएको अवस्थामा १२ हप्ताको सट्टा) गर्भपतनको अनुमति दिएको छ ।

अन्तर्राष्ट्रिय कानुनअनुसार मानवताविरुद्धका अपराध, युद्ध अपराध वा नरसंहार अक्षम्य हुन्छन् । विशेषतः द्वन्द्वसम्बन्धी यौन हिंसाका सबै घटनामा घटना घट्दाको परिस्थिति जे भए पनि तिनलाई अपराधीकरण गरी समुचित अभियोजन गरिनुपर्छ । साथै, अन्तर्राष्ट्रिय कानुनअनुसार, मानव अधिकारको गम्भीर उल्लङ्घनमा हदम्याद लागू हुनुहुँदैन वा लागू भएको अवस्थामा पनि म्याद लामो र अपराधको गाम्भीर्यताअनुसार हुनुपर्छ । यस अर्थमा नेपालले "मानव अधिकारको गम्भीर उल्लङ्घनमा हदम्याद लागू हुनुहुँदैन"[४८] भन्ने अन्तर्राष्ट्रिय मापदण्ड एवं *माधवकुमार बस्नेत विरुद्ध नेपाल सरकार* रहेको मुद्दाका सम्बन्धमा मानव अधिकारको गम्भीर उल्लङ्घनमा हदम्याद लागू गर्दा अन्तर्राष्ट्रिय मापदण्ड उल्लङ्घन हुने भएकाले नेपाल सरकारले सम्बन्धित कानुन संशोधन गर्नुपर्ने सर्वोच्च अदालतको निर्णय[४९]को पनि उल्लङ्घन गरेको छ ।

२९. अन्तर्राष्ट्रिय कानुनअनुसारका अपराध तथा मानव अधिकारको गम्भीर उल्लङ्घनका सम्बन्धमा, अन्तर्राष्ट्रिय कानुनअनुसार 'राहत सहायता, क्षतिपूर्ति, पुनर्स्थापना, सन्तुष्टि तथा घटना नदोहोरिने सुनिश्चिततासहितको एक बृहत परिपूरण अवधारणा'को आवश्यकता पर्दछ । (...) परिपूरण पर्याप्त, प्रभावकारी तथा बृहत् हुनुपर्छ । (...) यातना तथा दुर्व्यवहारका पीडितका लागि आर्थिक क्षतिपूर्ति मात्र पर्याप्त उपचार हुन सक्दैन ।[५०] यौन हिंसाका हकमा पनि त्यही कुरा लागू हुन्छ ।[५१] यद्यपि फूलमती न्यायको मुद्दाले देखाएझैँ नेपालमा द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितले न कुनै क्षतिपूर्ति पाएका छन् न परिपूरणका अन्य कुनै उपाय ।

३०. फूलमती न्यायको मुद्दामा मानव अधिकार समितिले नेपाललाई "अपराधको गाम्भीर्यअनुसार उजुरी दिने हदम्यादमा उल्लेख्य वृद्धि गरी... नेपाली सशस्त्र द्वन्द्वका सन्दर्भमा महिला तथा बालिकाविरुद्धका बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपका पीडितलाई उजुरी हाल्न र न्याय तथा क्षतिपूर्तिको प्रभावकारी

---

[४८] UN Basic Principles and Guidelines on the Rights to a Remedy and Reparation, General Assembly Resolution No. 60/147 of 16 December 2005, Principle 6.

[४९] Supreme Court of Nepal, *Madhav Kumar Basnet v. Nepal Government*, 2 January 2014 (069-WS-0057).

[५०] CAT, General Comment No. 3, UN Doc. CAT/C/GC/3 of 16 November 2012, paras. 2, 6 and 9.

[५१] Committee on the Elimination of All Forms of Discrimination against Women (CEDAW), *Case Karen Vertido v. The Philippines,* decision of 16 July 2010, para. 8.9.

पहुँचमा पुग्नबाट रोक्ने व्यवधानहरू हटाउन" आग्रह गऱ्यो ।[५२] यद्यपि, यस प्रतिवदेन लेखिँदासम्म फौजदारी प्रक्रिया तथा क्षतिपूर्तिका सम्बन्धमा विद्यमान हदम्यादको व्यवस्थामा कुनै परिवर्तन आएको छैन ।

३१. साथै, विद्यमान कानुन बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपका पीडितको परिपूरणको व्यवस्था सम्बोधन गर्नमा साँघुरो छ । यसले क्षतिपूर्तिबाहेक (पुनर्स्थापना, सन्तुष्टि तथा घटना नदोहोरिने सुनिश्चिततालगायत) अन्तर्राष्ट्रिय कानुनले आवश्यक मानेका परिपूरणका अन्य उपायको परिकल्पना गरेको छैन ।[५३] आर्थिक क्षतिपूर्तिका हकमा यस कानुन[५४]ले अत्यन्त अमूर्त रूपमा "यथोचित क्षतिपूर्ति" उल्लेख गरेको छ, तर यसको ठ्याक्कै अर्थ के हो तोकेको छैन र पीडितलाई दिइने क्षतिपूर्ति हिसाब गर्ने कुनै मापदण्ड पनि स्थापित गरेको छैन ।

**ग.२. प्रक्रियागत अवरोधहरू**

३२. द्वन्द्वका क्रममा विद्यमान खतरापूर्ण सुरक्षा स्थिति तथा जारी हिंसाले द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितलाई न्याय तथा उपचार खोज्नबाट रोके ।[५५] कानुनी छिद्रका अतिरिक्त पीडितहरूले धेरै प्रक्रियागत अवरोध भ्मेले, जसले पनि उनीहरूलाई मूर्त रूपमा न्यायको पहुँचबाट रोके । सम्बन्धित कानुनअनुसार, अनुसन्धान र अभियोजन शुरु गर्नका लागि नेपाल प्रहरीमा उजुरी दर्ता गर्नुपर्दछ ।[५६] बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपका कैयौँ घटनामा प्रहरीले चिकित्सकीय प्रतिवेदन नभएको भन्दै उजुरी दर्ता गरेन भने उजुरीकै अभावमा चिकित्सकले पनि फरेन्सिक जाँच गरेनन् ।[५७]

३३. त्यसबाहेक, "गोपनीयताको अभाव भएको, जटिल र महँगो कानुनी प्रक्रियाले महिलाहरूलाई न्यायको पहुँचबाट रोक्यो ।"[५८] राष्ट्रसङ्घको मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयले पनि "द्वन्द्वका क्रममा कानुनी सहायतामा पहुँच सीमित वा अनुपस्थित रहेको"[५९] बताएको छ। सम्बन्धित कानुनअनुसार राष्ट्रिय कानुनी कारबाही शुरु गर्न पीडितले उजुरी हाल्नुपर्छ । तर, धेरैका लागि उजुरी हाल्नु नै आफ्नो मुद्दा अगाडि नबढाउन प्रेरित गर्ने घटना हुन सक्छ किनकि धेरै पीडितहरू सशस्त्र प्रहरी बल वा शाही नेपाली

---

[५२] HRC, Case *Fulmati Nyaya v Nepal*, op. cit., para. 9.
[५३] मुलुकी फौजदारी संहिता २०७४, दफा २२८
[५४] ऐ.
[५५] HRC, Case, *Fulmati Nyaya v Nepal*, op. cit., para. 7.9.
[५६] This was previously set under Sec. 3, Government Cases Act, 2049 (1992). Currently it is established under Sec. 5, the Criminal Procedure Code (Act), 2017.
[५७] ICTJ and Advocacy Forum, Across the Lines: The Impact of Nepal's Conflict on Women, op. cit., p. 166.
[५८] OHCHR, Nepal Conflict Report, op. cit., p. 166
[५९] ऐ., p. 167

सेनाबाट पीडित भएकाले प्रहरीले यस्ता उजुरी अस्वीकार गर्ने सम्भावना पनि अधिक हुन्छ । विगतमा फूलमती न्यायलगायतका द्वन्द्वसम्बन्धी यौन हिंसा पीडितहरूले आफूले उजुरी दर्ता गर्न खोज्दा योजनाबद्ध रूपमा अस्वीकार भएको देखिसके । कहिले यसलाई माथि उल्लेखित हदम्याद लागू गरेको भनी पुष्टि गरिन्छ भने अरू बेला उनीहरूलाई यो मुद्दा प्रहरीको अनुसन्धानभन्दा पनि तथाकथित "सङ्क्रमणकालीन न्याय संयन्त्र"को क्षेत्राधिकारभित्र पर्ने बताइन्छ। धेरै मुद्दाहरूमा अस्वीकृति पुष्टि गर्ने कुनै कारण नै दिइँदैन ।

**घ. सङ्क्रमणकालीन न्याय संयन्त्र तथा द्वन्द्वसम्बन्धी यौन हिंसा**

३४. संवत् २०७१ मा लागू भएको बेपत्ता व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐनअनुसार सोही वर्ष सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग नामका दुई सङ्क्रमणकालीन न्याय संयन्त्र स्थापना भएका छन् । संवत् २०७१ फागुन १४ गते सर्वोच्च अदालतले ऐनका केही प्रावधानहरू अन्तरिम संविधान र नेपालका अन्तर्राष्ट्रिय दायित्वसँग बाझिएको घोषणा गऱ्यो ।[६०] अन्य व्यवस्थाका अतिरिक्त, ऐनमा भएको मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाका दोषीलाई आममाफी दिने व्यवस्था अन्तर्राष्ट्रिय कानुन र देशकै संविधानसँग नमिलेको पाइयो । यसअनुरूप सर्वोच्च अदालतले ऐन संशोधनको आदेश दियो । तर सरकारले उक्त आदेश उल्ट्याउन माग गर्दै तत्कालै निवेदन दियो, जुन अदालतले संवत् २०७७ वैशाख १४ गते खारेज गरिदियो । तर पनि यो प्रतिवेदन लेखुन्जेल ऐन संशोधन भएको छैन र सम्बन्धित कानुन गम्भीर रूपमा त्रुटिपूर्ण छ ।

३५.पीडितहरूको परामर्शबिना, राष्ट्रिय सरोकारवालाका धारणा एवं संयुक्त राष्ट्रसङ्घका विभिन्न विशेष प्रतिनिधिहरूले संवत् २०७५ चैत २९ गते नेपाल सरकारलाई पठाएको पत्र[६१]लगायतका अन्तर्राष्ट्रिय समुदायको चासोलाई बेवास्ता गर्दै, राजनीतिक प्रभावका आधारमा यी दुई आयोगहरूमा कार्यरत आयुक्तहरू नियुक्त गरिएका छन् ।

---

[६०] Amnesty International, Nepal: Supreme Court's decision reaffirms the need to amend transitional justice law, 1 May 2020, available at https://www.amnesty.org/en/latest/news/2020/05/nepal-supreme-courtdecision-reaffirms-need-to-amend-transitional-justice-law/.

[६१] (जबर्जस्ती बेपत्ता बनाउने कामबारेको कार्यसमूह; गैरन्यायिक, गैरकानुनी तथा कारणविहीन हत्यासम्बन्धी विशेष प्रतिवेदक; यातना तथा अन्य क्रूर अमानवीय तथा अपमानजनक व्यवहार वा सजायसम्बन्धी विशेष प्रतिवेदक;, सत्य, न्याय, परिपुरण तथा नदोहोरिने सुनिश्चिततासम्बन्धी विशेष प्रतिवेदक र महिलाविरुद्धका हिंसा, यसका कारण तथा परिणामबारेका विशेष प्रतिवेदक संलग्न) विशेष प्रक्रियाको संयुक्त पत्र हेर्नुहोस्, २०७५ चैत २९ OL NPL 1/2019, available at https://www.ohchr.org/Documents/Issues/Truth/OL_NPL_1_2019.pdf.

३६. ऐनले बलात्कार तथा यौन हिंसालाई मानव अधिकारको गम्भीर उल्लङ्घनका रूपमा सूचीकृत गरे पनि[६२] यसमा कुनकुन अवस्थामा बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपका घटना भएको मान्ने भन्ने परिभाषा छैन, न त विद्यमान हदम्याद पार गर्नेबारे कुनै नियम नै छ । अर्थात्, यसले पनि अपराधका दोषीहरू दण्डहीनतामा रमाउने निश्चित भएको छ ।

३७. संवत् २०७१देखि २०७३सम्म दुवै आयोगले देशभरबाट ६३,००० भन्दा बढी उजुरी दर्ता गरे ।[६३] तथापी त्यसमध्ये केवल ३०० उजुरीहरू यौन हिंसाबारे[६४] थिए । कुनै साक्षी संरक्षण कार्यक्रमको अनुपस्थितिमा एवं प्राविधिक ज्ञान र विज्ञताबिना नै[६५] उजुरी दर्ता गरिएको थियो ।

३८. आयोगहरूले प्रारम्भिक छानबिन शुरु गर्दागर्दै तथा कुनै सार्थक तथ्य पत्ता लगाउनु, प्रतिवेदन प्रकाशित गर्नु, सिफारिस गर्नु वा पीडितलाई उपचारको व्यवस्था गर्नुपूर्व नै उनीहरूको म्याद सकियो । उक्त म्याद थपिएपछि पनि यस सम्बन्धमा समितिहरूले सान्दर्भिक कदम चालेका छैनन् । आफ्नो नेपाल भ्रमणको प्रतिवेदनमा महिलाविरुद्धको हिंसासम्बन्धी राष्ट्रसङ्घकी विशेष प्रतिवेदकले सङ्क्रमणकालीन न्याय संयन्त्रहरूले पूर्ण रूपमा काम गर्न नसकेको र उल्लेख्य चुनौती सामना गरेको भन्दै चासो व्यक्त गरेकी छिन् ।[६६] विशेषतः उजुरीले गर्दा आफैँमाथि केही होला भनी डराएर तथा सामान्यतया विद्यमान कानुनी संरचनाले उनीहरूलाई क्षतिपूर्ति तथा परिपूरणका अन्य स्वरूपमा पहुँच नदिने भएकाले बलात्कार तथा यौन हिंसाका अन्य स्वरूपका धेरै पीडितले उजुरी नदिएको उनले उल्लेख गरेकी छिन् ।[६७] साथै, यातनाबारे उजुरी दिने व्यक्तिले जवाफी कारबाही र धम्की सहनुपर्ने तथा साक्षी संरक्षण नहुने भएकाले पनि धेरै पीडितले उजुरी दिन सकेनन् ।[६८]

---

[६२] बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१, दफा २ (ञ) (६)

[६३] SR on VAW, Report on the Visit to Nepal, op. cit., para. 58.

[६४] ऐ.

[६५] See TRIAL and REDRESS, Paying Lip Service to Justice: The Newly Adopted TRC Act Breaches International Law and Flouts the Decision of the Supreme Court of Nepal, available at: https://trialinternational.org/wpcontent/uploads/2016/05/TRC_Act_UN_Submission_AF_TRIAL_REDRESS_June2014_.pdf

[६६] ऐ. para. 57.

[६७] ऐ.

[६८] Convention Against Torture (CAT), Concluding Observations on Nepal, doc. CAT/C/NPL/CO/2 of 22 April 2005, para 28 (a) and (b)

३९. यस प्रतिवेदन लेखिएको समयसम्म, द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितले सत्य निरुपण तथा मेलमिलाप आयोगबाट कुनै राहत पाएका छैनन् । बरु उल्टै, कतिपयका लागि सङ्क्रमणकालीन न्याय संयन्त्रमा संलग्न हुने प्रयासले पुनः मानसिक आघात दिएको छ। साथै, मानव अधिकार समितिले फूलमती न्यायको मुद्दालगायत नेपालका विभिन्न मुद्दाबारे आफ्नो निर्णयमा बताएको छ कि सङ्क्रमणकालीन न्याय संयन्त्रहरू मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा फौजदारी अभियोजन गर्न सक्दैनन्, अतः ती प्रभावकारी उपचार हुन सक्दैनन् ।[६९] मानव अधिकार समितिले भनेको छ कि यस्तो उपचार प्रभावकारी रूपमा अनुचित ढिलाइबिना उपलब्ध हुनुपर्छ ।[७०]

४०. यो दुर्भाग्यपूर्ण अवस्थाअघि पनि, "द्वन्द्वपीडित"का लागि भनेर तयार गरिएको अन्तरिम राहत सहयोगबाट द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितहरू वञ्चित भएका थिए । "द्वन्द्वपीडित"का लागि भनेर तयार गरिएको यस्तो योजना[७१] अनिवार्यतः मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनको पीडितका लागि थिएन । फलतः यो योजना मानव अधिकार उल्लङ्घनको नतिजास्वरूप मारिएका वा घाइते भएकाहरूका आफन्तलाई नभई लडाकुका रूपमा वैधानिक बल प्रयोगको परिणामस्वरूप मारिएका वा घाइते भएकाहरूमा सीमित भयो ।[७२] यस योजनाको यस व्याख्याले द्वन्द्वसम्बन्धी यौन हिंसा एवं यातनाका पीडितलाई राज्यले दिएको राहतबाट बिनाकारण वञ्चित गरायो ।[७३]

---

[६९] HRC, Case *Fulmati Nyaya v Nepal,* op.cit., para 6.5;

[७०] HRC, Case *Yuba Kumari Katwal v. Nepal*, decision on admissibility of 10 October 2012, para. 6.4 (emphasis added). See also HRC, Case *Sobhraj v. Nepal*, views of 27 July 2010, para. 6.3; Case Giri v. Nepal, views of 24 March 2011, para. 6.3; and Case *Maharjan v. Nepal*, views of 19 July 2012, para. 7.4.

[७१] द्वन्द्वबाट प्रभावित व्यक्ति, परिवार तथा संरचनाबारे तथ्याङ्क सङ्कलनका लागि संवत् २०६४ जेठअसारमा नेपाल सरकारले एक कार्यदल बनायो । यसै कार्यदलले पत्ता लगाएका तथ्यका आधारमा संवत् २०६५ वैशाख १३ गते मन्त्रीपरिषद्ले द्वन्द्वपीडितका लागि आर्थिक सहायता तथा राहत मापदण्ड पारित गऱ्यो । हेर्नुहोस् : Advocacy Forum, Discrimination and Irregularities. The Painful Tale of Interim Relief in Nepal, 2010, available at: http://www.advocacyforum.org/downloads/pdf/publications/Discriminations_and_Irregularities.

[७२] ICTJ, Relief, Reparations, and the Root Causes of Conflict in Nepal, 2012, available at https://www.ictj.org/publication/relief-reparations-and-root-causes-conflict-nepal.

[७३] SR on VAW, Report on country visit to Nepal, op. cit., para. 60 and 61.

४१. तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नेतृत्वमा संवत् २०६७/६८देखि २०७२/७३सम्म संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का निर्णयहरू १३२५[७४] तथा १८२०[७५] लागू गर्नका लागि एक राष्ट्रिय कार्ययोजना बनाइयो । मन्त्रालय, अन्य सरकारी निकाय, विकास साझेदार, दातृ संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा नागरिक समाज यस योजनाको मसौदा प्रक्रियाको नेतृत्वमा थिए । राहत, पुनर्स्थापना तथा न्याय कार्यक्रमहरूले महिलाका आवश्यकता पनि पूरा गरून् एवं सबै कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरणका क्रियाकलापका लागि पनि स्रोत परिचालन र अनुगमन होस् भन्ने सुनिश्चितताका लागि[७६] यस योजनाले कार्यान्वयनका पाँच स्तम्भमा जोड दिएको छ : निर्णयका सबै तहमा महिला सहभागित, महिला अधिकारको संरक्षण, यी अधिकारको उल्लङ्घनको रोकथाम, तथा सरोकारवालाहरूमा लैङ्गिक समानताको प्रवर्धन । सबै तहमा महिलाको सहभागिता वृद्धि गर्न यस योजना अग्रसर[७७] हुँदाहुँदै हिंसाको रोकथाममा भने यो असफल भएको छ[७८] । साथै, फूलमती न्यायलगायत द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितलाई लाभ दिन सक्ने राहत, पुनर्स्थापना तथा न्यायका कार्यक्रम सुनिश्चित गर्न पनि यो असफल भएको छ । संवत् २०७२/७३मा पहिलो चरणको कार्यक्रम सकिएपछि द्वन्द्व भोगेका महिलाहरूका लागि संवत् २०७६को साउनभदौसम्म यस्तो राष्ट्रिय कार्यक्रमको अभाव भयो ।

---

[७४] सुरक्षा परिषद्ले महिला तथा शान्तिबारेको यो निर्णय संवत् २०५७ कार्तिक १७ गते लिएको हो । द्वन्द्वको रोकथाम तथा समाधान, शान्ति संवाद, शान्ति निर्माण, शान्ति स्थापना, मानवीय सहायता, द्वन्द्वपछिको पुनर्निर्माणमा महिलाको महत्त्वपूर्ण भूमिकालाई पुनः जोड दिँदै यस निर्णयले शान्तिसुरक्षा कायम गर्ने तथा प्रवर्धन गर्ने हरेक प्रयासमा महिलाको समान सहभागिता र पूर्ण संलग्नताको महत्त्वलाई जोड दिएको छ । https://www.un.org/womenwatch/osagi/wps/ बाट प्राप्त

[७५] सुरक्षा परिषद्को यो निर्णयले पहिलो पटक युद्धको एक तरिका एवं अन्तर्राष्ट्रिय शान्तिसुरक्षाको चुनौतीका रूपमा द्वन्द्वसम्बन्धी यौन हिंसाको पहिचान गऱ्यो । यस निर्णयले व्यापक रूपमा कायम द्वन्द्वसम्बन्धी यौन हिंसाको अन्त्य एवं यस्ता अपराधमा दण्डहीनताको प्रतिरोधका लागि सबैको उत्तरदायित्वका लागि आह्वान गर्दछ । साथै यसले हिंसाबाट संरक्षण तथा निःशस्त्र नागरिकमाथि हुने यौन हिंसा र अन्य हिंसाको सम्बोधनका लागि उपयुक्त संयन्त्रको विकास गर्न राष्ट्रसङ्घलाई आह्वान गर्दछ । https://peacemaker.un.org/node/1919 बाट प्राप्त

[७६] Submitted by 1325 Action Group, Desk Review Report of NAP Implementation on UNSCRs 1325 and 1820 related documents, Uploaded in October 2018, available at: https://saathi.org.np/wpcontent/uploads/2018/10/Desk-Review-Report_NAP.pdf, p. 8.

[७७] राष्ट्रसङ्घीय शान्ति सेनामा महिलाको बढ्दो सहभागिता, निर्वाचन आयोगद्वारा लैङ्गिकता तथा समावेशीकरण नीतिको विकास, नेपाल प्रहरीद्वारा लैङ्गिकता विकास पनि राष्ट्रिय कार्ययोजनाबाट प्राप्त उपलब्धि हुन् । हेर्नुहोस् : Punam Yadav, '1325 – is that a taxi number? Implementation of the National Action Plan on 1325 and 1820 in Nepal', 3 May 2017, available at https://blogs.lse.ac.uk/wps/2017/05/03/1325-is-that-a-taxi-number-implementation-of-the-national-actionplan-on-1325-and-1820-in-nepal-punam-yadav-42017/

[७८] ऐ.

४२. संवत् २०७६को साउनभदौदेखि भने राष्ट्रसङ्घीय महिला विकास कार्यक्रम (युएन वुमेन)ले यस कार्यक्रमको दोस्रो चरण विकास गर्नका लागि गृह मन्त्रालयलाई सहयोग गरिरहेको छ । यस सम्बन्धमा, राष्ट्रसङ्घीय सुरक्षा परिषद्का निर्णय १३२५ र १८२०को कार्यान्वयनका लागि नेपाल सरकारले पनि राष्ट्रिय कार्ययोजना २ को मसौदा[७९] तयार गरेको छ । यसले द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडित र द्वन्द्वबाट प्रभावित अन्य महिलालाई समेट्दै महिला सहभागिता[८०], सुरक्षा तथा रोकथाम[८१], र राहत तथा पुनर्स्थापना[८२]लाई रणनीतिक उद्देश्यका रूपमा उल्लेख गरेको छ । यद्यपि, दोस्रो चरणको कार्ययोजनाले पनि दण्डहीनता अन्त्य गर्ने तथा महिला र बालिकाविरुद्धका यौन वा अन्य हिंसाका जिम्मेवार व्यक्तिहरूलाई अभियोजन गर्ने राज्यको दायित्वलाई प्रतिबिम्बित गर्ने गरी कुनै उद्देश्य राखेको छैन । कानुनका उल्लेखित त्रुटिसँगै यस कार्ययोजनाले पनि गम्भीर रूपमा विद्यमान उत्तरदायित्वको खाडललाई सम्बोधन गर्न सकेको छैन । राष्ट्रिय कार्ययोजनाको पहिलो चरण द्वन्द्वसम्बन्धी बलात्कार एवं अन्य यौन हिंसाका पीडितका आवश्यकता सम्बोधन गर्न असफल भयो भने हालसम्म पनि तयारीकै क्रममा रहेको दोस्रो चरणले पनि द्वन्द्वसम्बन्धी यौन हिंसाका दोषीको अभियोजनलाई आफ्नो कार्यक्षेत्रभन्दा बाहिरै राखेको छ । अतः फूलमती न्याय र द्वन्द्वसम्बन्धी यौन हिंसाका अन्य पीडितका हकमा राष्ट्रिय कार्ययोजनालाई प्रभावकारी उपचार मान्न सकिँदैन ।

४३. फूलमती न्यायको मुद्दामा आफ्नो धारणा व्यक्त गर्दै मानव अधिकार समितिले द्वन्द्वसम्बन्धी यौन हिंसाको अनुसन्धान तथा उत्तरदायित्व कायम गर्न असफल हुँदा अन्य कुराका अतिरिक्त लैङ्गिक विभेदबाट संरक्षणको हक हनन हुने कुरामा जोड दिएको छ ।[८३] यो कुरा पनि उल्लेखनीय छ कि द्वन्द्वसम्बन्धी यौन हिंसाको आपराधिक दायित्व सम्बोधन गर्ने राष्ट्रिय कानुन त्रुटिपूर्ण भएकाले एवं माथि उल्लेख गरिएझैँ विद्यमान फौजदारी कानुनले पीडितलाई उजुरी दिनबाट नै वञ्चित गराएकाले देशभित्रकै अदालतहरूले द्वन्द्वसम्बन्धी यौन हिंसाका दोषीलाई उत्तरदायी बनाउन असफल भएका छन् । हालसम्म नेपालको सर्वोच्च अदालतले द्वन्द्वसम्बन्धी यौन हिंसाको कुनै मुद्दा पनि सुनुवाइ गरेको छैन । राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयको प्रतिवेदनले भनेको छ, "... द्वन्द्वका क्रममा महिलाले भोगेको चरम हिंसा युद्धको

---

[७९] Second National Action Plan (NAP-II), available at https://moha.gov.np/en/post/second-national-actionplan-nap-ii-preliminary-draft (Nepali version).

[८०] ऐ. राष्ट्रिय कार्ययोजनाको उद्देश्य १

[८१] ऐ. राष्ट्रिय कार्ययोजनाको उद्देश्य २

[८२] ऐ. राष्ट्रिय कार्ययोजनाको उद्देश्य ३

[८३] HRC, Case Fulmati Nyaya, op. cit., para. 7.3.

विशेष अवस्थाको उपज मात्र होइन । बरु यस्तो हिंसा महिलाले शान्तिका समयमा भोगेको हिंसासँग प्रत्यक्ष रूपमा सम्बन्ध राख्छ ।"[८४] नेपाली समाजमा बलियो पितृसत्तात्मक तत्व जरो गाडेर बसेको, अनि यसले नै लैङ्गिक विभेद मात्र नभएर महिलाविरुद्धको यौन हिंसालाई सहेको र वैधता दिएको कुरा देखाउन उक्त प्रतिवेदनले विभिन्न अध्ययनहरूमार्फत उल्लेख गरेको छ ।[८५] आजसम्म पनि देशमा हिंसालाई सामान्यीकृत गर्ने पितृसत्तात्मक तत्वहरू छन् ।[८६]

### ङ. द्वन्द्वसम्बन्धी यौन हिंसाका घटनाका सम्बन्धमा संवैधानिक निकायहरूको भूमिका

४४. हरेक संवैधानिक निकायको विशेषतः सामाजिक समावेशीकरण र न्यायसँग सम्बन्धित आआफ्ना संवैधानिक दायित्व पूरा गर्ने अधिकार र कार्यादेशहरू छन् । संवैधानिक आयोगहरू स्वायत्त निकाय भएकाले नेपालको अन्तर्राष्ट्रिय कानुनको परिपालनाको अनुगमन गर्ने, विद्यमान अन्याय विश्लेषण गर्ने र सरकारलाई तदनुरूप सिफारिस गर्ने अधिकार तिनलाई हुन्छ । यसै कारण यी निकायहरूले मानव अधिकारको गम्भीर उल्लङ्घनका देशभित्रका घटना, दण्डहीनता, पर्याप्त तथा बृहत् परिपूरणको अभाव लगायतका विषयमा राज्यको अन्तर्राष्ट्रिय दायित्व सम्झाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् ।

### ङ.१. राष्ट्रिय मानव अधिकार आयोग

४५. यो नेपालको संविधान २०७२को धारा २४८अनुसार गठित संवैधानिक निकाय हो । संविधानले नै आयोगका अधिकार र कर्तव्य तोकिदिएको छ[८७] । अन्य अधिकारका अतिरिक्त आयोगसँग कुनै व्यक्ति वा समूहको मानव अधिकारको उल्लङ्घनको उजुरीमाथि छानबिन गर्ने र दोषीमाथि कारबाहीका लागि सिफारिस गर्ने, कानुनअनुसार मानव अधिकार उल्लङ्घनका घटनामा अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने, मानव अधिकारसम्बन्धी कानुनको आवधिक समीक्षा गरी आवश्यक संशोधनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने, आफू पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिको नेपालमा परिपालनाको अवस्थाबारे अनुगमन गर्ने एवं प्रभावकारी परिपालना र अनुसन्धानका लागि सिफारिस गर्ने अधिकारहरू छन् ।

४६. फूलमती न्यायले मानव अधिकार समितिबाट आफूअनुकूल निर्णय पाए पनि नेपाल सरकारले यसलाई सम्बोधन गरेको छैन भने निर्णयमा उल्लेखित परिपूरणका उपाय पनि कार्यान्वयन गरेको छैन । राष्ट्रिय

---

[८४] OHCHR, Nepal Conflict Report, op. cit., pp. 22-23

[८५] ऐ., p. 23.

[८६] SR on VAW, Report on country visit to Nepal, op. cit., para. 8.

[८७] नेपालको संविधान २०७२, धारा २४८

मानव अधिकार आयोगको संवैधानिक कार्यादेश र स्वायत्त हैसियतले यसलाई समितिको निर्णयको प्रभावकारी तथा यथाशीघ्र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्नका लागि नेपालको अन्तर्राष्ट्रिय दायित्व समीक्षा गर्ने अधिकार दिन्छ। संवत् २०७७ जेठ २० गते आयोगले फूलमती न्यायलाई तीन लाख रुपैयाँ (करिब दुई हजार छ सय ५० अमेरिकी डलर) क्षतिपूर्ति दिनू र उनीविरुद्धका अपराधका जिम्मेवार दोषी पहिचान गरी अभियोजन गर्नू भनेर सरकारलाई सिफारिस गऱ्यो ।[८८]

४७. आयोगले संवत् २०७७ असोज २९ गते प्रकाशित विगत "आयोगको २० वर्ष, आयोगका सिफारिशहरू र कार्यन्वयनको अवस्था" प्रतिविदेनमा, मुद्दा नम्बर ११५९, अन्तर्गत यस मुद्दालाई पनि उल्लेख गरेको छ । फूलमती न्यायले आयोगमा बुझाएको उजुरीमाथि छानबिन गर्दा उनी बिनाकारण पक्राउ परेको, हिरासतमा राखिएको एवं तेघरी सैन्य ब्यारेक्स र बनबेहडा सशस्त्र प्रहरी गणमा उनीमाथि शारीरिक र मानसिक हिंसाका अतिरिक्त यौन हिंसा भएको प्रमाणित भएको आयोगले जनाएको छ ।[८९]

४८. आयोगको प्रतिवेदनअनुसार आयोगले संवत् २०७७ जेठ २० गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयलाई सिफारिस पत्र पठाएको थियो । प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सोही वर्षको जेठ ३२ गते आयोगलाई पत्र लेख्दै आयोगको अघिल्लो पत्र कार्यान्वयनका लागि गृह मन्त्रालय, रक्षा मन्त्रालय र अर्थ मन्त्रालय पठाइएको भन्ने जवाफ दियो । आयोगका सिफारिसको कार्यान्वयनका लागि गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई पनि पत्र लेख्यो ।[९०] सोही दिन नै मन्त्रालयले आफूअन्तर्गतको राहत तथा तथ्याङ्क व्यवस्थापन शाखालाई आयोगका सिफारिसहरू कार्यान्वयन गर्न पत्र पठायो । यद्यपि आजसम्म पनि कुनै सरकारी निकायले यस विषयमा फूलमती न्यायलाई सम्पर्क गरेका छैनन् ।

४९. मानव अधिकार आयोगले संवत् २०५८ फागुन २०को उजुरीका आधारमा २०७६ चैत २ गते गरेको निर्णयको अस्तित्वबारे फूलमती न्यायलाई संवत् २०७७ असोज २२ गते मात्र स्थानीय सरकारमार्फत जानकारी गराईयो । एचआरजेसी र ट्रायल इन्टरनेशनललाई प्राप्त जानकारी अनुसार, संवत् २०७७ जेठ ३२ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले गृह र रक्षा मन्त्रालयलाई निर्णय कार्यान्वयनका लागि पत्र पठाएको भन्ने जानकारी आयोगलाई दिएको थियो (पत्र सङ्ख्या ७२१/६५६५) । त्यसै गरी, संवत्

[८८] आयोगको केन्द्रीय कार्यालयको पत्र, मिति : २०७७ जेठ २०, चलानी नम्बर : १६९७
[८९] आयोगको २० वर्ष आयोगका सिफारिशहरु र कार्यान्वयन अवस्था, असोज २०७७, पृ.सं. ६९३-६९४
[९०] संवत् २०७७ जेठ २७ गते आयोगले पनि मन्त्रालयको पत्रको प्रति प्राप्त गरेको थियो । हेर्नुहोस् : आयोगको २० वर्ष आयोगका सिफारिशहरु र कार्यान्वयन अवस्था, असोज २०७७, पृ.सं. ६९४

२०७७ जेठ २७ मा आयोगलाई प्राप्त पत्रमा गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई सिफारिस कार्यान्वयनका लागि पत्र पठाएको बताइएको थियो (पत्र सङ्ख्या २७६) भने मन्त्रालयकै राहत तथा तथ्याङ्क व्यवस्थापन शाखालाई पनि सिफारिस कार्यान्वयनका लागि पत्र पठाइएको थियो (पत्र सङ्ख्या २७८) । यी तमाम पत्र आदानप्रदान हुँदाहुँदै फूलमती न्याय भने अझै पनि आफूले पाउनुपर्ने आर्थिक क्षतिपूर्तिका लागि सङ्घर्षरत छिन् । आफूलाई प्रदत्त क्षतिपूर्तिका लागि उनी स्थानीय र राष्ट्रिय स्तरमा प्रयासरत छिन् । कार्यान्वयनको अवस्थाको जानकारी लिनका लागि सम्बन्धित निकायमा सोधखोज गर्ने तयारी गर्दै गर्दा उनी यो क्षतिपूर्ति पनि मानव अधिकार समितिले आफ्नो निर्णयमा सुझाएको परिपूरणका विविध उपायमध्ये एउटा मात्र भएको र समितिको सम्पूर्ण रायको कार्यान्वयनका लागि अझै धेरै गरिनुपर्ने बताउँछिन् ।

### ङ.२. राष्ट्रिय महिला आयोग

५०. नेपालको संविधानको धारा २५२ अनुसार स्थापित राष्ट्रिय महिला आयोगका काम, कर्तव्य र अधिकार पनि संविधानले नै तोकिदिएको छ ।[९१] अन्य कुराका अतिरिक्त संविधानले आयोगलाई महिलाका अधिकार तथा हितसँग सम्बन्धित कानुन, नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिअनुरूपका दायित्वको अनुगमन तथा आवधिक मूल्याङ्गत गर्ने तथा तिनको प्रभावकारी परिपालना एवं कार्यान्वयनका लागि नेपाल सरकारलाई, अनि महिलाविरुद्धको हिंसाका सम्बन्धमा अदालतमा मुद्दा दर्ता गर्न सम्बन्धित निकायलाई सिफारिस गर्ने जिम्मेवारी दिएको छ ।

५१. हालसालै आयोगले लैङ्गिक हिंसाबारे एक तथ्याङ्क पत्र प्रकाशन गरेको छ भने यसले लैङ्गिक हिंसाका पीडितका लागि सहयोग पनि उपलब्ध गराउँदै आएको छ ।[९२] यद्यपि, संवत् २०७४देखि २०७७को माघसम्मको पदाधिकारीहरूको अनुपस्थितिले गर्दा आयोग प्रायजसो प्रशासनिक कामकारबाहीमा सीमित रह्यो ।[९३] पदाधिकारीविहीन हुँदा आयोगले महिलाविरुद्ध भएका द्वन्द्वसम्बन्धी यौन हिंसाका घटनाको छानबिन गर्न सकेको छैन ।[९४] २१ माघ २०७७ मा भएको पदाधिकारीहरूको नियुक्ति पश्चात आयोगले

---

[९१] नेपालको संविधान २०७२, धारा २५२

[९२]National Women Commission, file:///C:/Users/user/Downloads/5fbf3ae460475_NWC_factsheet_October_2020.pdf.

[९३]The Kathmandu Post, National Women Commission remains defunct as the cases of violence against women continues, published on 1 December 2020, available at: https://kathmandupost.com/national/2020/12/01/national-women-commission-remains-defunct-as-thecases-of-violence-against-women-continues.

[९४] ऐ.

द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितका आवश्यकता तथा मुद्दा सम्बोधन गर्न काम गर्नुपर्छ र उनीहरूका अधिकार सुनिश्चित गर्नुपर्छ । हालको आयोगको अवस्था जे भए पनि,[९५] पदाधिकारीको नियुक्तिसँगै यस प्रतिवेदनको खण्ड च.१. र च.१.२ मा प्रस्तुत सिफारिसलाई अविलम्ब कार्यान्वयन गरिनुपर्छ ।

**ङ.३. आदिवासी जनजाति आयोग**

५२. नेपालको संविधानको धारा २६१ अनुसार स्थापित आदिवासी जनजाति आयोगको अधिकार तथा जिम्मेवारी आदिवासी जनजातिको अधिकार संरक्षणका लागि अध्ययन अनुसन्धान गर्नु हो । आदिवासी जनजाति आयोग ऐन २०७४ अनुसार आदिवासी समुदायका सदस्यका अधिकार उल्लङ्घनका घटनामा संलग्न व्यक्तिहरूमाथि अनुसन्धान गरी मुद्दा दायर गर्न सिफारिस गर्ने अधिकार पनि आयोगसँग छ ।[९६]

५३. राष्ट्रिय महिला आयोगझैँ आदिवासी जनजाति आयोग पनि हाल रिक्त रहेको छ । पदाधिकारीविहीनताको निरन्तरताले नेपालका आदिवासी समुदायका विशिष्ट मुद्दाहरू थन्किएका छन् । आदिवासी समुदायका मानिसको अधिकारको सम्बोधन गर्न सक्ने गरी नेपाल सरकारले तुरुन्तै पदाधिकारीहरू नियुक्त गर्नुपर्छ । हालको आयोगको अवस्था जे भए पनि पदाधिकारीको नियुक्तिसँगै यस प्रतिवेदनको खण्ड च.१. र च.१.३ प्रस्तुत सिफारिसलाई अविलम्ब कार्यान्वयन गरिनुपर्छ ।

**च. निष्कर्ष तथा सिफारिस**

५४. विशेषतः मानव अधिकारको गम्भीर उल्लङ्घनका सन्दर्भमा संवैधानिक निकायको महत्त्वपूर्ण भूमिका हुन्छ । अन्तर्राष्ट्रिय निकायका सिफारिसहरूको कार्यान्वयनमा नेपाल सरकारको बेवास्ताले गर्दा दण्डहीनताले प्रश्रय पाएको छ । यस अवस्थामा सबै संवैधानिक निकायहरू एकजुट भई फूलमती न्यायको घटनाजस्ता घटनाहरूलाई ख्याल गर्ने र पीडितका आवश्यकतालाई न्यायिक प्रक्रिया शुरु गरेर वा परिपूरणका पर्याप्त उपाय अपनाएर समुचित तवरमा सम्बोधन गरिनेछ भनी सुनिश्चित गर्नका लागि नेपाल सरकारलाई पर्याप्त दबाब दिनुपर्छ ।

५५. यसबाहेक, द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितका लागि राहत तथा परिपूरणको माग गर्नु उनीहरूको मानसिक र शारीरिक सुस्वास्थ्य कायम गर्न र प्रभावकारी पुनर्स्थापना सुनिश्चित गर्नका लागि महत्त्वपूर्ण छ । द्वन्द्वसम्बन्धी यौन हिंसाका सम्बन्धमा न्यायमा महिलाको पहुँचमा अवरोध पुऱ्याउने विद्यमान

---

[९६] आदिवासी जनजाति आयोग ऐन, २०७४, दफा ७

कानुनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाउन आवश्यक संशोधनले पनि दण्डहीनता नियन्त्रण र भविष्यमा यस्ता घटनाको रोकथाममा महत्त्वपूर्ण भूमिका खेल्छ ।

**च.१. राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र आदिवासी जनजाति आयोगका लागि सिफारिसहरू**

५६. उल्लेखित तीनै ओटा राष्ट्रिय निकायलाई एचआरजेसी ससम्मान निम्न सिफारिस गर्दछ :

क. आयोगहरूका प्रतिनिधिहरूले एचआरजेसी तथा उपयुक्त अवस्थामा अन्य गैरसरकारी संस्थासँग पनि यथासक्य छिटो बैठक गरी फूलमती न्यायको मुद्दा तथा समग्रमा द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितको अवस्थाबारे छलफल गर्ने;

ख. विशेषतः फूलमती न्यायको मुद्दा र समग्रमा द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितबारेका निर्णयहरूको कार्यान्वयनका सम्बन्धमा तीनै निकायबीच छलफल गरी हरेक आयोगले गर्नुपर्ने काम पहिचान गर्ने । विशेषतः मानव अधिकार समितिले आफ्नो निर्णयमा सुझाएका सिफारिससम्बन्धीको छलफलको नतिजासहित भविष्यमा हुनुपर्ने कामको समयतालिका र म्याद सार्वजनिक गर्ने र फूलमती न्याय र उनका प्रतिनिधिलाई यी सबको जानकारी दिने ;

ग. मानव अधिकार समितिको निर्णयअनुसार फूलमती न्यायका विशिष्ट आवश्यकताबारे फूलमती न्याय र उनका प्रतिनिधिसँग संयुक्त बैठक गर्ने र त्यहाँ उल्लेखित सिफारिसहरूको कार्यान्वयनमा भएको प्रगतिबारे उनलाई अद्यावधिक जानकारी दिने;

घ. फूलमती न्यायको मुद्दाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग एवं मानव अधिकार समितिले गरेका सिफारिसको कार्यान्वयनबारे ताकिता गर्न सम्बन्धित सरकारी निकाय पहिचान गरी तीसँग संयुक्त रूपमा सम्पर्क गर्ने;

ङ. समग्रमा द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितका आवश्यकता सम्बोधनका लागि जिम्मेवार सरकारी निकाय पहिचान गरी तीसँग संयुक्त रूपमा सम्पर्क गर्ने;

च. द्वन्द्वसम्बन्धी यौन हिंसाका दोषीको पहिचान र अभियोजन समेट्ने गरी ‘राष्ट्रिय कार्ययोजना २’ संशोधनका लागि गृह मन्त्रालयलाई संयुक्त रूपमा सिफारिस गर्ने;

छ. हरेक निकायका प्रतिनिधि समेटी एउटा टोली बनाउने र द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितलाई समस्यामा पार्ने विद्यमान कानुनी व्यवस्था पहिचान गर्नका लागि अन्तर्राष्ट्रिय कानुन तथा मापदण्डको समेत विचार गर्दै सम्बन्धित कानुनको समीक्षा गर्ने र तिनमा आवश्यक संशोधनका लागि एकीकृत रूपमा कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई सिफारिस गर्ने; विशेषतः कानुन, न्याय तथा संसदीय मन्त्रालयलाई युद्ध अपराध, मानवताविरुद्धका अपराध एवं नरसंहारलाई अन्तर्राष्ट्रिय कानुनअनुसार अपराधीकृत गरी उपयुक्त भएसम्म द्वन्द्वसम्बन्धी यौन हिंसाका घटनालाई पनि यिनै वर्गमा राखी 'अक्षम्य' मानेर सम्बोधन गर्नका लागि सिफारिस गर्ने; साथै बलात्कार एवं यातनाका घटनामा फौजदारी कारबाही तथा क्षतिपूर्तिको दाबीका लागि हदम्यादसम्बन्धी व्यवस्था संशोधनका लागि सिफारिस गर्ने ;

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई फूलमती न्याय वि. नेपालको मुद्दालगायत अन्य मुद्दामा अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रले गरेका निर्णय कार्यान्वयनको सुनिश्चितताका लागि सिफारिस गर्ने ;

द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितसम्बन्धी विद्यमान नीतिको समग्र समीक्षा गरी ती सवालहरूको सम्बोधनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय एवं कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयलाई सिफारिस गर्ने ;

ज. अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधानको अविलम्ब अनुमोदनका लागि नेपाल सकारलाई आग्रह गर्ने ।

### च.१.१. राष्ट्रिय मानव अधिकार आयोगका लागि सिफारिसहरू

५७. माथिका सिफारिसका अतिरिक्त, एचआरजेसी राष्ट्रिय मानव अधिकार आयोगलाई ससम्मान निम्न सिफारिस गर्दछ :

क. आयोगमा उजुरी दिने द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितसँग निरन्तर सम्पर्कमा रही नेपाल सरकारलाई सिफारिस बुझाउनुअघि (र पछि पनि) उनीहरूको अवस्था र आवश्यकताबारे विस्तृत लेखाजोखा गर्ने ;

ख. द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितसमेत मानव अधिकारको गम्भीर उल्लङ्घनका पीडितका लागि क्षतिपूर्तिको हिसाब गर्न मापदण्ड लागू गर्ने र तदनुरूप सिफारिस गर्ने ;

ग. मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनामा नेपाल सरकारलाई सिफारिस गर्दा, पीडितसँगको परामर्शपछि (आर्थिक क्षतिपूर्ति मात्र नभई) परिपूरणका अन्य उपाय पनि समावेश गर्ने ;

घ. विशेषतः द्वन्द्वसम्बन्धी यौन हिंसालगायत द्वन्द्वसम्बन्धी मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाका सम्बन्धमा न्यायको पहुँचमा रहेका कानुनी एवं व्यावहारिक चुनौतीबारे आयोगको वार्षिक जर्नल 'संवाहक'मा लेखरचना प्रकाशन गर्न लेखकहरूबाट आवेदन आह्वान गर्ने ;

ङ. द्वन्द्वसम्बन्धी यौन हिंसाका पीडितका सवालबारे राष्ट्रिय महिला आयोग र आदिवासी जनजाति आयोगलगायत संवैधानिक निकायसँग नियमित बैठकको समन्वय तथा सञ्चालन गर्ने ;

च. संयुक्त राष्ट्रसङ्घका (विशेष प्रक्रिया र सन्धिसँग सम्बन्धित) विभिन्न मानव अधिकार संयन्त्रसँगको संवादबारे अद्यावधिक जानकारी राख्न एचआरजेसी र अन्य संस्थासँग समन्वय गर्ने ;

छ. मानव अधिकार समितिलगायत अन्तर्राष्ट्रिय संयन्त्रका निर्णयको अविलम्ब तथा पूर्ण कार्यान्वयन सुनिश्चित गर्न सरकारी प्रतिनिधि, फूलमती न्यायलगायत पीडित र तिनका प्रतिनिधिबीच नियमित बैठक गर्ने ;

ज. आफ्ना तथा (विशेष प्रक्रिया र सन्धिसँग सम्बन्धित) अन्तर्राष्ट्रिय निकायका सिफारिसको प्रादेशिक तथा स्थानीय स्तरमा अविलम्ब कार्यान्वयन सुनिश्चित गर्न आयोगकै क्षेत्रीय कार्यालयसँग नियमित बैठक गर्ने ;

झ. मानव अधिकार उल्लङ्घनबारे विगतका वर्षहरूमा आयोगले गरेका सिफारिस पूर्ण रूपमा कार्यान्वयन नभएसम्म नेपाल सरकारसँग तीबारे नियमित बैठक गर्ने ।

**च.१.२. राष्ट्रिय महिला आयोगका लागि सिफारिसहरू**

५८. माथिका सिफारिसका अतिरिक्त, एचआरजेसी राष्ट्रिय महिला आयोगलाई ससम्मान निम्न सिफारिस गर्दछ :

क. फूलमती न्यायसमेत द्वन्द्वसम्बन्धी यौन हिंसा पीडितले निःशुल्क मनोवैज्ञानिक तथा शारीरिक उपचार पाऊन् भन्ने सुनिश्चित गर्नका लागि आवश्यकतामा आधारित अनुसन्धान गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने ।

### च.१.३. आदिवासी जनजाति आयोगका लागि सिफारिसहरू

५९. माथिका सिफारिसका अतिरिक्त, एचआरजेसी आदिवासी जनजाति आयोगलाई ससम्मान निम्न सिफारिस गर्दछ :

क. आदिवासी समुदायका सदस्यविरुद्ध भएका मानव अधिकार उल्लङ्घनका घटना नदोहोरिऊन् भन्नका लागि आदिवासी समुदायका सदस्यको अधिकार सुनिश्चित गर्नेबारे आवश्यकतामा आधारित अनुसन्धान गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने ।